Volume 1

Annex 3.a: Copy of MOU with Mid-Western University.

मध्यपश्चिमाञ्चल विश्वविद्यालय कार्यकारी परिषद र
मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्कुल अफ मेनेजमेन्ट (मुसोम) का बिचमा भएको
मुशोम स्वायत्तता (**Autonomy**)
(प्राज्ञीक एंव व्यवस्थापकीय स्वायत्तता) सम्बन्धी
समझदारी पत्र (**Memorandum of Understanding**)

मध्यपशिचमाञ्चल विश्वविद्यालयको आठौ सभा द्वारा पारीत मध्यपशिचमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली २०७५ वमोजिम म.प.विश्वविद्यालय स्कुल अफ मेनेज्मेन्ट -मुसोम)ले संरचनागत र कार्यक्रमगत स्वायत्तता प्राप्तीका लागि स्वायत्तता सम्बन्धी नियमावलीको परिच्छेद २को दफा ३,दफा ४र दफा ५ बमोजिमको व्यवस्था हुने गरी र स्वायत्तता सम्बन्धी नियमावलीले निर्धारण गरेको सम्पुर्ण व्यवस्था अनुरुप हुने गरी प्राज्ञीक एवं व्यवस्थापकीय स्वायत्तताकालागि मध्यपशिचमाञ्चल विश्वविद्यालय कार्यकारी परिषद र मुसोम व्यवस्थापन समिति सहमत भई निम्नाअनुसारको समझदारी पत्रमा स्विकृती जनाउदछौं । समझदारी पत्रमा हस्ताक्षर पश्चात स्वायत्तता सम्बन्धी नियमावलीको परिच्छेद २ को दफा ५मा व्यवस्था गरिएको निम्नानुसारको संगठनात्मक संरचनाको गठन एक महिना भित्रमा गरिनेछ ।

क) संञ्चालक परिषद
ख) व्यवस्थापन परिषद
ग) प्राज्ञिक समिति
घ) आर्थिक समिति
ङ)परीक्षा संञ्चालक समिति
च) पदपूर्ति समिति

स्वायत्तताा सम्बन्धी नियमावली २०७५ को परिच्छेद १० मा व्यवस्था गरिए बमोजिमको व्यवस्था समझदारी पत्रमा हस्ताक्षर गरे लगत्तै लागु हुनेछ ।

## मुशोम स्वायत्तता सम्बन्धी आधारभुत बुंदाहरु:

१। मध्यपश्चिमाञ्चल विश्वविद्यालयको आठौं सभा द्वारा पारित मध्यपश्चिमाञ्चल विश्वविद्यालय स्वायत्तता सम्बन्धी नियमावली २०७५ वमोजिम मुशोम शैक्षिक कार्यक्रम स्वायत्तता अन्तर्गत जाने निर्णय भैं विश्वविद्यालय अनुदान आयोगमा मिति

२०७५/०५/२५ मा द.न. ९९८ बाट विश्वविद्यालयद्धारा स्वायत्तता कार्यन्वयनका लागि बजेट अनुदान माँग भए बमोजिम प्राप्त हुने अनुदानको ५० प्रतिशत अनुदान रकम मुशोमले प्राप्त गर्नेछ ।

२। मुशोममा हाल संचालित BBA, MBA तथा भर्ना आह्वान गरिएको BHM कार्यक्रम सम्बन्धी कार्यक्रमहरुको पाठ्यक्रम निर्माण एवं परिमार्जन गरी समय सापेक्ष पाठ्यक्रम तर्जुमा एवं लागु गर्ने काम मुशोम व्यवस्थापन समितिद्धारा गरिनेछ ।

३। मुशोममा व्यवस्थापन विषयसंग सम्बन्धित अन्य थप कार्यक्रमहरुको पाठ्यक्रम निमार्ण गरी थप कार्यक्रमहरु आवश्यकताको आधारमा संचालन गर्न सक्नेछ ।

४। मुशोमले हाल संचालित BBA, MBA तथा संचालन प्रक्रियामा रहेको BHM र भविष्यमा निमार्ण गरिने थप कार्यक्रमहरुको समेत शैक्षिक शुल्क निर्धारण मुशोम व्यवस्थापन समिति द्धारा गरिनेछ र यसरी निर्धारण गरी प्राप्त हुने सम्पूर्ण शैक्षिक शुल्क आम्दानी मुशोमको मुल आम्दानी कोषमा जम्मा हुनेछ ।

५। मुशोमद्धारा विश्वविद्यालय अनुदान आयोग, नेपाल सरकार, प्रादेशिक सरकार एवं विभिन्न सरकारी एवं गैरसरकारी दातृसंस्थाहरुमा भौतिक पुर्वाधार निमार्ण एवं नियमित संचालन सम्बन्धी बजेट अनुदान माँग गर्न सक्नेछ र यसरी प्राप्त हुने सम्पुर्ण आम्दानी मुशोमको मुल आम्दानी कोषमा जम्मा हुनेछ ।

६। मुशोममा कार्यरत सम्पुर्ण प्राध्यापक एवं कर्मचारीहरुको तलब, भत्ता, बिदा उपदान लगाएतका सम्पुर्ण खर्चहरु र अन्य नियमित संचालन खर्चको भुक्तानी मुशोमको मुल आम्दानी कोष बाट गरिनेछ ।

७। मुशोमको पुंजीगत खर्च एवं पुर्वाधार विकासका लागि आवश्यक पर्ने बजेट मध्यपश्चिमाञ्चल विश्वविद्यालयको अनुदान, विश्वविद्यालय अनुदान आयोग, राष्ट्रिय

एवं स्थानिय सरकार द्धारा प्राप्त पुंजीगत अनुदान बाट पुंजीगत खर्च व्यवस्थापन गरीनेछ ।

८। मुशोमका लागि आवश्यक पर्ने शैक्षिक जनशक्ति (उप प्राध्यापक, सह प्राध्यापक र प्राध्यापक) एवं प्रशासनिक जनशक्तिको आवश्यकता योजना तर्जुमा गरी मुशोम व्यवस्थापन समिति द्धारा विज्ञापन आह्वान गर्न एवं छनौट परीक्षा संचालन गरी करार एवं स्थायी दरबन्दीमा नियुक्ती प्रदान गर्न सक्नेछ ।

९। मुशोम संचालनका लागि आवश्यक पर्ने जग्गा विश्वविद्यालयद्धारा उपलब्ध गराउनेछ र उक्त जग्गामा आवश्यकताको आधारमा शैक्षिक भवन एंव पुर्वाधारहरु निमार्ण गर्न सक्नेछ ।

१०। मुशोममा संचालित सम्पुर्ण कार्यक्रमहरुको शैक्षिक उपाधि (विश्वविद्यालयको समकक्षताको आधारमा) विश्वविद्यालयद्धारा तोकिएको निकायको सम्परीक्षण मार्फत मुशोमले प्रदान गर्नेछ ।

११।मुशोम अन्तर्गत संचालित कार्यक्रमहरुको परीक्षा संचालन परीक्षा संचालन कार्यविधीका आधारमा एवं परिक्षा व्यवस्थापन कार्यालय संगको समन्वयमा मुशोम द्धारा गरिनेछ ।

१२। मुशोमका प्राध्यापक, कर्मचारी एंव विद्यार्थीहरुको हकहितका लागि प्राध्यापक हित समाज, विद्यार्थी हित समाज र कर्मचारी हित समाजको कार्यविधि तर्जुमा गरी सो को आधारमा गठन गरिनेछ साथै मुशोममा कुनै पनि किसिमका राजनैतिक प्राध्यापक संघ संगठन, विद्यार्थी एंव कर्मचारी संघसंगठन रहनेछैन र उनिहरुको प्रभाव मुशोममा रहने छैन ।

१३। मुशोममा संचालित विभिन्न कार्यक्रमहरुको अवछिन्न निरन्तरता कायम राख्ने जिम्मेवारी विश्वविद्यालयको संरक्षणमा मुशोम व्यवस्थापन समितिमा हुनेछ ।

१४। मुशोमको जनशक्ति व्यवस्थापन, पाठ्यक्रम निमार्ण नियमीत प्रशासन संचालन, बैंक खाता संचालन, एवं कार्यक्रमहरुको विकास र विस्तार हाल मुशोमको कार्यविधीमा आवश्यकता अनुसार परिमार्जन गरी सोको आधारमा मुशोमले गर्नेछ ।

१५। मुशोम व्यवस्थापन समितिको हालको संरचनामा आवश्यकताको आधारमा पुर्नसंरचना गर्न सकिनेछ र मुशोम व्यवस्थापन समितिको सिफारिसमा विश्वविद्यालय कार्यकारी परिषदद्धारा पदाधिकारीहरुको नियुक्ति हुनेछ र उक्त व्यवस्थापन समितिमा वीरेन्द्रनगर नगरपालिकाका प्रतिनिधि तथा कर्णाली प्रदेश सरकारको योजना आयोगको शिक्षा हेर्ने सदस्य समेत सदस्य पदमा रहने छन ।

१६। समझदारी पत्रमा हस्ताक्षर गर्नु अघि मुशोममा कार्यरत स्थायी एवम् करार शिक्षक प्रध्यापक एवम् कर्मचारीहरु स्वतह मुशोमको स्थायी एवम् करार जनशक्तिका रुपमा रुपान्तरण हुनेछन र उनिहरुको सेवा सुविधा एवम् अवकाश सुविधा म.प.वि.वि ले निर्धारण गरेको सेवा सुविधा भन्दा कम नहुने गरि एवम् मुशोम संचालन परिषदले निर्धारण गरेबमोजिम हुनेछ ।

१७। मुशोमको कुल संचालन बचत आम्दानीको केही प्रतिशत (कार्यकारी परिषदले निर्धारण गरे बमोजिम) विश्वविद्यालय केन्द्रिय मुल कोषमा योगदान गर्नु पर्नेछ ।

१८। विश्वविद्यालयको ऐन नियम एवम् प्रचलित कानुनको अधिनमा रही एवम् समझदारी पत्रमा उल्लेख भएका कुराहरु म.प.वि.वि. निमावली २०६७ को दफा २४ अनुरुप हुनेछ र मुशोमको समग्र गतिविधिको रेखदेख विश्वविद्यालयको प्रमुख पदाधिकारीले गर्नेछ ।

१९। समझदारी पत्रको बुँदा नं १ देखि बुँदा नं १८ सम्मका सम्पूर्ण व्यवस्थाहरुलाई समझदारी पत्रमा (MOU) हस्ताक्षर पछि कार्यकारी परिषदद्धारा स्वीकृत प्रदान भैं

हस्ताक्षरका मिति देखि यो समझ्दारीपत्र लागु हुने छ ।

दस्तखत २०६५/११/१५

नाम : डा. मस्त बहादुर गरंजा

पद : डिन, व्यवस्थापन संकाय

म.प. विश्वविद्यालय, सुर्खेत

मिति :

दस्तखत

नाम :श्री यम बहादुर कार्की

पद : नि. रजिष्ट्रार

म.प. विश्वविद्यालय, सुर्खेत

मिति : २०६५/११/१५

साक्षी :

डा. नारायण प्रसाद पौडेल

कार्यक्रम निर्देशक,

मुशोम, सुर्खेत

मिति : २०६५/११/१५

दस्तखत :

साक्षी :

प्रा.डा उपेन्द्रकुमार कोइराला

उपकुलपति

म.प. विश्वविद्यालय, सुर्खेत

मिति : २०६५/११/१५

दस्तखत :